
“निवासीको रूपमा बस्ने विदेशी”को लागि जापानी भाषाको अध्ययन साइट

# जोडिने र विस्तार हुने जापानी भाषाको जीवन






Bun-chan


जापानमा बस्ने विदेशीप्रति
दैनिक जीवनको लागि जापानी भाषा सिक्न सक्ने जापानी भाषाको अध्ययन साइट

वेब साइट यताबाट
PC SP लाई मिल्ने

tsunagarujp.bunka.go.jp/?lang_id=NP

文化庁
Agency for Cultural Affairs, Government of Japan

# प्रयोग गर्ने तरिका




**बुँदा १** **थुप्रै भाषामा मिलाइएको**



१० वटा भाषा र रोमन अक्षरमा मिलाइएको छ।

जापानी भाषा, अंग्रेजी भाषा, चिनियाँ भाषा (सरल अक्षर), स्पेनिश भाषा, पोर्चुगिज भाषा, भियतनामिज भाषा, इन्डोनेसियाली भाषा, फिलिपीनो भाषा, नेपाली भाषा, खमेर भाषा।

**बुँदा २** **दैनिक जीवनको गतिविधिमा केन्द्रित**



जापानमा बस्ने विदेशीले अनुभव गर्ने दैनिक जीवनमा प्रयोग हुने जापानी भाषाको पढाईमा केन्द्रित गरिएको छ।

**भाषाको छनौट**

**विषय र लक्ष्य**

प्रत्येक दृश्यमा हुने विषय र लक्ष्य देखाइनेछ।

**मुख्य शब्द**

यो पृष्ठमा सिक्न सक्ने मुख्य शब्दहरू देखाइनेछ।

**भिडियो**

विषय अनुसारको भिडियो राखिएको छ।

**सबटाइटल**

भिडियो अनुसारको संवाद देखाइनेछ। जापानी भाषा, रोमन अक्षर, विदेशी भाषाबाट सबटाइटल रोज्न सकिन्छ।

**स्क्रिप्ट**

भिडियोमा हुने सबै संवादलाई लेखिएको सूचीमा हेर्न सकिन्छ।

**यो वाक्यांश सम्झौं।**

भिडियोमा भएको महत्त्वपूर्ण वाक्यांशलाई तोकेर रोज्न अनि सिक्न सकिन्छ।

**यो शब्द सम्झौं।**

भिडियोमा भएको महत्त्वपूर्ण शब्द र त्यसको अर्थ सिक्न सकिन्छ।

**उपयोगी शब्दहरू**

प्रत्येक दृश्यमा उल्लेखित शब्दसँग सम्बन्धित उपयोगी शब्दहरूलाई सूचीमा हेर्न सकिन्छ।





**उपयोगी जानकारीहरू**

भिडियोमा देखाइने दृश्यसँग सम्बन्धित जानिराख्दा राम्रो हुने जानकारीहरू हासिल गर्न सकिन्छ।

**बुँदा ३** **भिडियोमा आधारित**

जीवनका गतिविधिहरूलाई पुनःअभिनय गरेको भिडियो लगायत वाक्यको बनौटको व्याख्या गरेको भिडियो जस्ता श्रव्यदृश्यद्वारा सजिलै बुझ्न सक्ने शिक्षण सामग्रीहरू धेरै छन्।



**बुँदा ४** **जापानी भाषाको आधारभूत ज्ञान पनि उल्लेखित**

जापानी भाषाको विशेषता लगायत क्रिया परिवर्तन जस्ता जापानी भाषा सिक्न अघि जानिराख्दा राम्रो हुने जानकारीहरू पनि थुप्रै राखिएको छ।






## यस्तो दृश्यमा सिक्न सकिन्छ।

▼ **दैनिक प्रयोग गर्ने सामान किनेर हेरौं।**



Sumimasen. Gyuunyuu wa doko desu ka.
सुन्नुहोस् न, दुध कतातिर छ?

Gyuunyuu desu ne. Kochira desu.
दुध हो है। यतातिर छ।

Arigatoo gozaimasu.
धन्यवाद छ।

Iie, doo itashimashite.
होइन, स्वागत छ।

▼ **अस्पतालमा जाऔं।**



Nenza desu.
मर्किएको रहेछ।

Jaa, ofuro ni haittemo ii desu ka.
त्यसोभए, नुहाउँदा नि ठीक छ कि?

Aa, ofuro wa, ni-san-nichi, hairanaide kudasai.
ए, २, ३ दिन चाहिँ ननुहाउनुहोस्।


Wakarimashita.
हवस्, बुझें।

# यसरी प्रयोग गर्न सकिन्छ

आफै जापानी भाषा सिक्ने लक्ष्य राखेकाहरूको लागि अध्ययन सामग्रीको रूपमा मात्र नभई
जापानी भाषाको कक्षामा सिकाउने सामग्रीको रूपमा पनि प्रयोग गर्न सकिन्छ।

## साँच्चै प्रयोग गरेकाहरूको टिप्पणी

**नाकानोतो अन्तरराष्ट्रिय संगती संस्था [इसिकावा प्रिफेक्चर]**
**लोहार PHAN THI HUYNH LIEN जी** भियतनामिज



मलाई मन पर्ने चाहिँ "अस्पतालमा जाऔँ।" भन्ने विषय हो। जापानी भाषा नआएकोले बिरामी भए पनि सहेर बस्ने व्यक्ति पनि हुनुहुन्छ। त्यसैले दैनिक जीवनमा हुने विषयवस्तुहरूबारे सिक्न सक्ने यो साइट एकदम राम्रो छ जस्तो लाग्छ। सबटाइटल राखिएकोले राम्रोसँग सुन्न नसकेको शब्द पक्का गर्न सक्ने कुरा पनि राम्रो पक्ष हो नि।



**इमारी सहर जनताको जीवन विभाग सहर प्रगति शाखा [सागा प्रिफेक्चर]**
**Zhang Jie जी** चीन

यो साइटमा जापानको जीवनशैलीमा बानी बसाल्न चाहिने कुराकानीहरू सजिलोसँग सिक्न सकिन्छ। आफ्नो लेबल अनुसार आवश्यक पर्ने "स्थानीय जापानी भाषा" सिकेर अबबाट जापानको जीवनमा रमाऔँ।

**ह्योगो अन्तरराष्ट्रिय संगती संस्था**
**जापानी भाषा शिक्षाको वरिष्ठ प्रशिक्षक ENDO Chisa जी**



यस्तै शिक्षण सामग्रीको प्रतीक्षामा थिएँ। नजिकै कक्षा नभएकाहरूले आफै पढ्न सक्ने यो साइट एकदमै आकर्षित छ। थुप्रै भिडियो, विदेशी भाषाको सबटाइटल, वाक्यको बनौटको व्याख्या जस्ता कुराहरू कक्षा गतिविधिमा पनि उपयोगी भएकोले अवश्य प्रयोग गर्न चाहन्छु।




**सम्पर्क ठेगाना**

**संस्कृति विभाग स्वदेशी भाषा शाखा**
**फोन : ०३-५२५३-४१११** [प्रतिनिधि]
**mail : chiikinihongo@mext.go.jp**



©Japanese Language Division, Agency for Cultural Affairs